Together We Can Achieve

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स
Nepal Association of Tour & Travel Agents

Goma Ganesh, Gairidhara, Naxal Kathmandu

Tel: 977-1-4519409
4518661, 4519616

E-mail: admin@natta.org.np
info@natta.org.np

Website: www.natta.org.np

Reg No.: 071-27/11/2022

SWC Affiliation No.: 25285

सातौँ नाट्टा कार्यसमिति बैठक

नाट्टा नं. ०१६६-०८३/८४

मितिः २०८३ कात्तिक २० गते

आज मिति २०८३ साल कात्तिक महिनाको २० गते तदनुसार नोवेम्बर ६ तारिख २०२६, शुक्रबारका दिन दिउँसो ०१:०० बजे नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (NATTA) को सातौँ कार्यसमिति बैठक संघका अध्यक्ष श्री भरत जङ्ग पाण्डेज्यूको अनुपस्थिति र उहाँले प्रदान गर्नुभएको अख्तियारीमा कार्यवाहक अध्यक्ष एवं नाट्टाका वरिष्ठ उपाध्यक्ष श्री सुनिल शर्माज्यूको अध्यक्षतामा देहायबमोजिम पदाधिकारीज्यूहरु एवं कार्यसमिति सदस्यज्यूहरूको उपस्थितिमा संघको सचिवालय, गोमा गणेश, गैरीधारा, नक्सालमा बसी तपशिल अनुसारका छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिति

क्र.सं.	नाम	पद
१.	श्री सुनिल शर्मा	कार्यवाहक अध्यक्ष एवं वरिष्ठ उपाध्यक्ष
२.	श्री सबिता के.सी. भट्टराई	उपाध्यक्ष
३.	श्री राज कुमार देवकोटा	महासचिव
४.	श्री दीकी शेर्पा	कोषाध्यक्ष
५.	श्री जीवन कोईराला	सह-कोषाध्यक्ष
६.	श्री प्रकाश लोहनी	कार्यसमिति सदस्य
७.	श्री नविन गुरुङ	कार्यसमिति सदस्य
८.	श्री दिनेश मैनाली	कार्यसमिति सदस्य
९.	श्री सुमन लाल श्रेष्ठ	कार्यसमिति सदस्य
१०.	श्री ईश्वर प्रसाद उपाध्याय	कार्यसमिति सदस्य

<u>सातौँ नाट्टा कार्यसमिति बैठकका एजेन्डाहरू/Agendas of Seventh NATTA Executive Board Meeting</u>

१. नेपालीहरुको महान पर्वहरुका अवसरमा शुभकामना आदान प्रदान सम्बन्धमा / Exchange of Festival Greetings.
२. नाट्टा सदस्यता सम्बन्धमा / NATTA Membership
३. संघको आर्थिक अद्यावधिकता सम्बन्धमा / Financial Update.
४. विविध विषयवस्तुको छलफल सम्बन्धमा / Miscellaneous.

<u>छलफल तथा निर्णयहरु</u>

बैठकको सुरुवात गर्नुहुँदै नाट्टाका कार्य वाहक अध्यक्ष एवं नाट्टा वरिष्ठ उपाध्यक्ष श्री सुनिल शर्माज्यूले समसामायिक विषयवस्तुहरुको छलफल पश्चात महासचिव श्री राजकुमार देवकोटाज्यूलाई आजको बैठकका विषयवस्तुहरूको जानकारी सहित अगाडि बढाउन अनुरोध गर्नुभयो र महासचिवज्यूले बैठकका तपशिल एजेन्डाहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गर्नुभयो ।

Together We Can Achieve

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स
Nepal Association of Tour & Travel Agents

Goma Ganesh, Gairidhara, Naxal Kathmandu

Tel: 977-1-4519409
4518661, 4519616

E-mail: admin@natta.org.np
info@natta.org.np

Website: www.natta.org.np

Reg No.: 071-27/11/2022

SWC Affiliation No.: 25285

एजेन्डा नं. १: नेपालीहरुको महान पर्वहरुका अवसरमा शुभकामना आदान प्रदान सम्बन्धमा ।

नेपालीहरूको महान् चाड दिपावली (तिहार) लगायत नेपाल सम्वत् ११४७ (नयाँ वर्ष) तथा छठ पर्वको पावन अवसरमा, सम्पूर्ण नाट्टा परिवार, कार्यसमिति, सचिवालय, प्रदेश तथा च्याप्टरहरूलगायत सम्पूर्ण सदस्य महानुभावहरू, सरोकारवाला निकाय एवं संघसंस्थाहरू, शुभचिन्तक, समस्त हिन्दू धर्मावलम्बीहरू तथा स्वदेश एवं विदेशमा रहनुभएका सम्पूर्ण नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि र अमनचैनको हार्दिक शुभकामना व्यक्त गर्दै; नाट्टा कार्यसमिति तथा सम्पूर्ण नाट्टा परिवारको तर्फबाट शुभकामना प्रस्ताव पारित गर्दै सोही अनुसार शुभकामना सन्देश सम्प्रेषण गर्ने निर्णय समेत गरियो ।

एजेन्डा नं. २: नाट्टा सदस्यता सम्बन्धमा

नाट्टा Membership & Feedback Committee का संयोजक एवं कार्यसमिति सदस्य श्री स्वस्तिका प्रधानज्यूका अनुपस्थितिमा नाट्टा उपाध्यक्ष एवं Crisis Response & Membership Welfare Committee का संयोजक श्री सविता के.सी. भट्टराईज्यूले आवश्यक अध्ययन पश्चात सिफारिस गर्नुभएका देहाय बमोजिम ८ वटा नयाँ पर्यटन व्यवसायी कम्पनीहरूलाई नाट्टाको सक्रिय (क्रियाशील) सदस्यता प्रदान गर्ने निर्णय सहित आवश्यक प्रक्रियाका लागी समितिका संयोजक तथा सचिवालयलाई जानकारी गराउने निर्णय गरियो ।

1. Berge Blick Travels and Tours Pvt. Ltd.
2. White Orchid Travel and Tours Pvt. Ltd.
3. Goreto Travel & Tours P. Ltd.
4. Airline Reps Nepal Pvt. Ltd.
5. Maya Trips Pvt. Ltd.
6. Simrik Holidays Pvt. Ltd.
7. Royal Morek Travel & Trek Pvt. Ltd.
8. Prabas Holidays Pvt. Ltd.

एजेन्डा नं. ३: संघको आर्थिक अद्यावधिकता सम्बन्धमा

नाट्टाका कोषाध्यक्ष श्री दीकी शेर्पाज्यूले नाट्टाको वर्तमान आर्थिक अवस्थाको अद्यावधिक विवरण कार्यसमिति समक्ष प्रस्तुत गर्नुभयो । उहाँले हालको आय-व्यय स्थिति, दायित्व र भुक्तानी सम्बन्धी विवरणसहित सदस्यता नवीकरणको अवस्थाको जानकारी गराउनुभयो ।

एजेन्डा नं. ४: विविध विषयवस्तुको छलफल सम्बन्धमा

बैठकमा नाट्टाका महासचिव श्री राज कुमार देवकोटाज्यूले अघिल्लो बैठकपश्चात् नाट्टाले सहभागिता जनाएका विभिन्न विषयवस्तुबारे जानकारी गराउनुभयो । संस्थाको आर्थिक, व्यावसायिक तथा दुईपक्षीय सम्बन्ध विकास गर्ने उद्देश्यले Global Distribution System Service Providers (GDS सेवा प्रदायक) कम्पनीहरू Sabre, Galileo & Amadeus का प्रतिनिधिहरूसँग नाट्टा सचिवालयमा भएको विस्तृत छलफल र त्यसमा उँहाहरूबाट प्राप्त सकारात्मक प्रतिक्रियासहित आगामी प्रक्रियाबारे आवश्यक समन्वय गर्ने समझदारी भएको जानकारी गराउनुभयो । यसैगरी, महासचिवज्यूले नेपाल पर्यटन बोर्डका महाशाखा निर्देशकहरू तथा निमित्त कार्यकारी प्रमुखसँग नाट्टा र बोर्डबीचको पर्यटन प्रवर्द्धन तथा सो सम्बन्धि विविध

Together We Can Achieve

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स
Nepal Association of Tour & Travel Agents

Goma Ganesh, Gairidhara, Naxal Kathmandu

Tel: 977-1-4519409
4518661, 4519616

E-mail: admin@natta.org.np
info@natta.org.np

Website: www.natta.org.np

Reg No.: 071-27/11/2022

SWC Affiliation No.: 25285

कार्यक्रमहरुका लागी आगामी दिनका सहकार्यहरुलाई अगाडी बढाउने विषयमा छलफल भएको र चाडपर्वपश्चात् आवश्यक छलफल तथा निर्णय गर्दै अगाडि बढ्ने कुरा भएको अवगत गराउनुभयो । साथै, नेपाल कला परिषदले इन्द्रजात्राको सेरोफेरोमा बृहत् कार्यक्रम आयोजना गर्नका लागी आयोजित बैठकमा आफू सहभागी रहेको विषयसमेत उहाँले बैठकमा प्रस्तुत गर्नुभयो ।

यसैगरी, बैठकमा कार्यवाहक अध्यक्ष एवं नाट्टाका वरिष्ठ उपाध्यक्ष श्री सुनील शर्माज्यूले हाल बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर आफ्ना पोर्टल तथा एप्लिकेसनमार्फत हवाई टिकटिङ सेवा सञ्चालन गरी ट्राभल एजेन्सीहरूको व्यवसायमा असर पुऱ्याइरहेको विषयमा गम्भीर ध्यानाकर्षण गराउनुभयो । उहाँले प्रस्तुत गर्नुभएको उक्त विषयमा आगामी बैठकमा आवश्यक छलफल गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउन नेपाल राष्ट्र बैंक तथा अन्य सरोकारवाला निकायहरूमा पत्राचार गर्ने निर्णयसमेत गरियो ।

अन्य विविध समसामयिक विषयहरूमाथि संक्षिप्त छलफल पश्चात्, बाँकी विषयहरूलाई आवश्यकता अनुसार आगामी कार्यसमिति बैठकका नियमित एजेन्डामा समावेश गर्ने गरी विस्तृत छलफल गरिने जानकारी सहित बैठकका अध्यक्ष श्री सुनिल शर्माज्यूले उपस्थित सम्पूर्ण पदाधिकारी तथा कार्यसमिति सदस्यज्यूहरूलाई उहाँहरूको सक्रिय सहभागिता र रचनात्मक सुझावहरूका लागि हार्दिक धन्यवाद ज्ञापन गर्नु हुदै आजको बैठक औपचारिक रूपमा समापन भएको घोषणा गर्नुभयो ।

NATTA 1966 Together We Can Achieve

UFTAA · International Mountain Tourism Alliance · Tourism Council of Thailand · nepal · FNCCI · Nepal Chamber · BITM Buddhist International Travel Mart Explore the Buddhaland Nepal